# प्रयोगशाला जोखिमभत्ता व्यवस्थापन निर्देशिका, २०७२

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको निर्देशिका बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम "प्रयोगशाला जोखिमभत्ता व्यवस्थापन निर्देशिका,२०७२" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा, –

(क) "प्रयोगशाला" भन्नाले विभिन्न रसायनहरु वा विकिरणयुक्त पदार्थहरु, जीवाणुहरु र स्वास्थ्यलाई प्रतिकुल असर पार्ने वैज्ञानिक उपकरणहरुको नियन्त्रित परिवेशमा प्रयोग गरी विभिन्न प्रकारका विश्लेषणात्मक, अनुसन्धानात्मक एवं प्रशिक्षणात्मक क्रियाकलापहरु सम्पन्न गरिने नेपाल सरकारका कार्यालय वा कार्यस्थल सम्झनुपर्छ ।

(ख) "जोखिम" भन्नाले खण्ड (क) बमोजिमका प्रयोगशालाहरुमा वा प्रयोगशाला सेरोफेरोमा कार्यरत रहँदा हुन सक्ने विभिन्न प्रकारका शारीरिक एवं स्वास्थ्य सम्बन्धी हानि नोक्सानी सम्झनुपर्छ ।

(ग) "जोखिमभत्ता" भन्नाले माथि उल्लेखित जोखिमबाट हुन सक्ने क्षतीको लागि प्रदान गरिने भत्ता सम्झनुपर्छ ।

(घ) "समिति" भन्नाले दफा ३ बमोजिम गठित "जोखिमभत्ता निर्धारण समिति" सम्झनुपर्छ ।

(ङ) "सम्बन्धित निकाय" भन्नाले प्रयोगशाला संचालन गर्ने वा गराउने मन्त्रालय, विभाग वा कार्यालय सम्झनुपर्छ ।

(च) "कर्मचारी" भन्नाले प्रयोगशालामा कार्यरत नेपाल सरकारको कर्मचारी सम्झनुपर्छ।

३. जोखिम भत्ता निर्धारण समितिको गठनः (१) जोखिमपूर्ण रुपमा कार्य गर्ने कर्मचारीहरुलाई जोखिमभत्ता व्यवस्थापन गर्न देहाय बमोजिमको जोखिम निर्धारण समिति रहनेछः-

(क) सचिव, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय — संयोजक

(ख) सहसचिव, अर्थ मन्त्रालय — सदस्य

(ग) सहसचिव (प्रा.), उद्योग मन्त्रालय — सदस्य

(घ) सहसचिव (प्रा.), कृषि विकास मन्त्रालय — सदस्य

(ङ) सहसचिव, सामान्य प्रशासन मन्त्रालय —सदस्य

(च) सहसचिव (प्रा.) वा सो सरह, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय — सदस्य

(छ) सहसचिव (प्रा.), विज्ञान तथा प्रविधि प्रवर्द्धन महाशाखा
विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय —सदस्य सचिव

(२) समितिको वैठक वर्षको दुई पटक बस्नेछ र समितिले आवश्यक ठानेमा कुनैपनि समयमा वैठक बस्न सक्नेछ ।

(३) समितिले वैठकमा आवश्यक ठानेका विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

४. <u>समितिको काम, कर्तव्य र अधिकार:</u> समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) निकायगत जोखिम निर्धारण गरी जोखिम भत्ता उपलब्ध गराउनु पर्ने देखिएमा विस्तृत विवरण सहितको कार्यविधि तयार गरी पेश गर्न सरोकारवाला निकायहरुलाई निर्देशन दिनसक्ने ।

(ख) सम्बन्धित निकायले तयार गरी सम्वन्धित मन्त्रालयको निर्णय सहित समितिमा प्राप्त कार्यविधिको अध्ययन गर्ने ।

(ग) आवश्यक ठानेमा सम्बन्धित विज्ञहरुको राय लिन सक्ने वा उपसमितिहरु गठन गर्नेसक्ने।

(घ) सम्वन्धित निकायबाट exposure level को आधारमा जोखिम मुल्यांकन (Risk assessment) गरी जोखिमभत्ता उपलब्ध गराउन सम्बन्धित मन्त्रालय मार्फत प्राप्त हुन आएका कार्यविधिहरु उपयुक्त देखिएमा सहमति प्रदान गर्ने ।

(ङ) सम्बन्धित निकायहरुलाई राय वा निर्देशन दिन सक्ने ।

५. <u>जोखिमभत्ता व्यवस्थापन गर्ने :</u> समितिले जोखिमभत्ता व्यवस्थापन गर्दा देहाय बमोजिम गर्नेछ:-

(क) प्रयोगशालामा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई शुरु तलब स्केलमा पच्चिस प्रतिशत (२५%) थप जोखिम भत्ता दिने र सो रकम भत्ता शीर्षकमा राखी प्रत्येक महिनाको तलबसंग सम्बन्धित निकायबाट प्रदान हुनेछ ।

(ख) प्रयोगशालामा कार्यरत कर्मचारी सरुवा भई प्रयोगशाला बाहेक अन्यन्त्र निकाय वा कार्यालयमा गएमा यो थप पच्चिस प्रतिशत (२५%) जोखिम भत्ता उपलब्ध हुने छैन ।

(ग) प्रयोगशालामा कार्यरत कर्मचारी लगातार तिन महिना भन्दा बढी प्रयोगशाला बाहिर काममा खटिएमा वा विदामा बसेमा सो अवधिको जोखिम भत्ता दिइनेछैन ।

(घ) अन्य कार्यालयबाट प्रयोगशालामा काम गर्न उचित कारण खोली एक महिना भन्दा बढी लगातार काम गर्ने गरी खटाइएकोमा खटिएको अवधिको जोखिम भत्ता खटिएको निकायबाट प्रदान गरिनेछ।

(ङ) कुनै प्रयोगशाला सम्बन्धी तालिम दिँदा लगातार एक महिना भन्दा बढी प्रयोगशालामा तालिम दिनुपर्ने भएमा त्यस्ता निजामती कर्मचारीलाई तालिम अवधिमा जोखिम भत्ता दिनुपर्नेछ र यस्तो भत्ता उक्त तालिम कार्यक्रममा नै समावेश गर्नुपर्ने छ ।

(च) प्रयोगशालाहरुमा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई वर्षमा एक पटक स्वास्थ्य परीक्षण र सो बापत भएको खर्च रकम सम्बन्धित कार्यालयले व्यहोर्नुपर्नेछ । स्वास्थ्य परीक्षण निजामती अस्पतालमा र निजामती अस्पताल नभएको स्थानमा सरकारी अस्पतालमा गराउनुपर्नेछ। सोको बिल भरपाई भुक्तानीको लागि आफु कार्यरत कार्यालयमा पेश गर्नुपर्नेछ ।

(छ) खण्ड (च) मा उल्लेख भए बाहेक प्रयोगशालामा कार्यरत कर्मचारीको स्वास्थ्यमा प्रतिकूल असर देखा परी स्वास्थ्य परीक्षण गर्न आवश्यक देखिएमा कार्यालय प्रमुखको स्विकृतिले वर्षमा एक भन्दा बढी पटक पनि निःशुल्क स्वास्थ्य परीक्षण गर्न सकिनेछ ।

(ज) निःशुल्क स्वास्थ्य परीक्षण र प्रयोगशाला जोखिम भत्ताको व्यवस्था सम्बन्धित निकायले वार्षिक बजेटमा समावेश गर्नुपर्नेछ ।

(झ) प्रयोगशाला संचालन गर्ने निकायहरुले अन्तर्राष्ट्रिय मान्यता प्राप्त OHSA/ISO:17025 अनुसारको न्यूनतम सुरक्षात्मक उपायहरु अवलम्वन गरे गराएको हुनुपर्दछ ।

(ञ) प्रयोगशालामा कार्यरत रहंदा वा नोकरी अवधिभर न्यूनतम १० (दश) वर्ष प्रयोगशालामा काम गरी अन्यन्त्र सरुवा भएको अवस्थामा पनि प्रयोगशालामा काम गरेकै कारणले कर्मचारी विरामी परि उपचार गर्नुपर्ने भनि नेपाल मेडिकल बोर्डले सिफारिस गरेमा त्यस्ता कर्मचारीहरुलाई बढीमा रु. १०(दश) लाख सम्मको उपचार खर्च सरकारले व्यहोर्नेछ । यस्तो रकम कर्मचारीको नोकरी अवधिमा एकपटक नियमानुसार पाउने अन्य औषधी उपचार खर्चबाट कटौती हुने छैन ।

(ट) रसायन वा विकिरणको असर लामो समयपछि पनि देखा पर्न सक्ने भएकोले नोकरी अवधिभर न्यूनतम १०(दश) वर्ष प्रयोगशालामा काम गरी सेवा निवृत्त

भएका कर्मचारीहरुलाई मासिक निवृत्तिभरणमा वा उपदानको पच्चिस प्रतिशत (२५%) थप रकम दिइनेछ ।

(ठ) प्रयोगशालामा कार्यरत कुनै कर्मचारीको प्रयोगशालाको काम गर्दाको अवस्थामा दुर्घटना परि मृत्यु भएमा वा विरामी भई उपचार हुन नसकि मृत्यु भएमा निजको परिवारलाई क्षतिपूर्ति बापत एकमुष्ठ रु.१० (दश) लाख दिइनेछ ।

६. <u>कार्यविधिमा समावेश हुनुपर्ने विषयहरु:</u> सम्बन्धित निकायले प्रयोगशालामा जोखिमभत्ता व्यवस्थापन सम्बन्धी कार्यविधि बनाउंदा देहायका विषयहरु समावेश गर्नुपर्नेछः-

(क) प्रयोगशाला, कार्यालय, विभाग वा मन्त्रालयको नाम र ठेगाना ।
(ख) प्रयोगशालाबाट सम्पन्न हुने कार्यहरुको विवरण ।
(ग) प्रयोगशालामा कार्यरत कर्मचारीहरुको दरबन्दी र कामको विवरण ।
(घ) प्रयोगशालामा प्रयोग हुने जोखिमयुक्त पदार्थहरु र वैज्ञानिक उपकरण आदिको विस्तृत विवरण ।
(ङ) माथि उल्लेख खण्ड (ख) का जोखिमयुक्त पदार्थहरु वा उपकरणहरुबाट हुन सक्ने सम्भावित जोखिमको विवरण ।
(च) प्रयोगशालामा अपनाइएका सुरक्षात्मक व्यवस्थाको विवरण ।

७. <u>अनुगमन:</u> (१) समिति वा समितिले तोकेको कर्मचारी वा समितिबाट गठित उपसमितिले जोखिम सम्वन्धी अवस्था आंकलन र मूल्यांकन गर्न त्यस्ता प्रयोगशालाहरुको अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमनबाट माग गरेको विवरण अनुगमनकर्तालाई सम्बन्धित निकायले उपलब्ध गराउनु पर्नेछ ।

(३) सम्बन्धित निकायहरुले प्रयोगशालामा कार्यरत कर्मचारीहरुलाई जोखिम भत्ता उपलब्ध गराएको वार्षिक विवरण समितिमा उपलब्ध गराउनु पर्नेछ ।

८. <u>प्रतिवेदन:</u> कार्यविधि स्वीकृत भई कार्यान्वयन गरेका सम्वन्धित निकायहरुले समितिमा वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ ।

९. <u>समितिको सचिवालय:</u> समितिको सचिवालय विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयमा रहनेछ ।

१०. <u>निर्देशिकाको व्याख्या:</u> निर्देशिकामा उल्लेख भएका विषयहरुमा कुनै द्विविधा भएमा समितिले व्याख्या गरी समाधान गर्नेछ ।